नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

शिव पुराण महायज्ञमा ८० लाख भन्दा बढी संकलित



समाचार पृष्ठ ४ मा

वर्ष २ | अंक २६३ | २०८१ साल श्रावण २७ गते आइतबार | Sunday 11, August 2024 | सूर्योदय: बिहान ५:३४ बजे | सूर्यास्त: साँझ ६:४६ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

# असुरक्षित छन् मधेशका अधिकांश कारागार

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मधेश प्रदेशस्थित धेरै कारागार निकै पुरानो भएका छन् । पुराना कारागारमा राखिएका कैदीबन्दी कष्टपूर्णरुपमा बस्न बाध्य छन् भने कारागारमा रहेका कैदीबन्दी जोखिममा देखिएका छन् । वर्षौं पुरानो कारागार जीर्ण रहे पनि कारागारहरुमा क्षमता भन्दा बढी कैदीबन्दी बस्दै आएका छन् । महोत्तरी, रौतहट र पर्साको कारागारको भवन जीर्ण छ भने सर्लाही कारागार हालै सञ्चालनमा आएकाले जोखिममुक्त छ ।

संघीय संसद प्रतिनिधिसभाको कानून, न्याय तथा मानव अधिकार समितिद्वारा गठित उपसमितिले तयार पारेको वीरगंज बाल सुधार गृह र पर्सा, रौतहट, महोत्तरी र सर्लाही जिल्लाको कारागार अनुगमन उपसमितिको प्रतिवेदन २०८१ अनुसार कारागारहरु कुनै पनि बखत भत्केर ठूलो दुर्घटना हुनसक्ने अवस्थामा छ ।

कारागारहरुलाई तत्काल मर्मत कार्यसम्पन्न गर्न र दीर्घकालीन समाधानका लागि यस्ता कारागारलाई मानवबस्तीभन्दा टाढा स्थानमा स्थानान्तरण गर्नुपर्ने औंल्याइएको छ । कारागारको मर्मत गर्नुपर्ने ठाउँमा क्षमताभन्दा बढी कैदीबन्दी राख्दा उनीहरुको ज्यान नै जोखिममा हुँदा उनीहरुलाई सुत्नमा समेत समस्या भएको छ । अधिकांश कारागार बजारको मध्ये भागमा वा घना मानव बस्तीबीचमा रहेका कारण कारागार र स्थानीय बासिन्दाको सुरक्षामा थप चुनौती सिर्जना भएको उल्लेख गरिएको छ । समितिले अल्पकालीनरुपमा जीर्ण भौतिक संरचनाको तत्काल मर्मत कार्य सम्पन्न गर्न र दीर्घकालीन समाधानका लागि यस्ता कारागार मानव बस्तीभन्दा टाढा स्थानमा उपयुक्त एवम् पर्याप्त भौतिक संरचनासहित स्थान्तरण गर्न गृह मन्त्रालयलाई निर्देशन दिनुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ ।




कानून, न्याय तथा मानव अधिकार समितिको २०८० चैत ८ गते बसेको बैठकले नेपालको बालसुधार गृहमा रहेका बालबालिका र नेपालका कारागारमा रहेका कैदी एवम् थुनुवाको मानव अधिकारको अवस्थाका सम्बन्धमा स्थलगत अनुगमन गर्ने प्रयोजनका लागि ३ छुट्टाछुट्टै स्थलगत अनुगमन भ्रमण उपसमिति गठन गरेको थियो । तीमध्ये एक उपसमितिले मधेश प्रदेशमा रहेका जिल्लाको बालसुधार गृह तथा कारागारको निरीक्षण र अवलोकन गरी कैदीबन्दीको मानवअधिकारको अवस्था सुधारका लागि आवश्यक सुझावसहितको प्रतिवेदन तयार गरेको हो । उपसमितिमा सांसद गोमा लाभ सापकोटा, नगिना यादव र डा. शुनिल कुमार शर्मा थिए ।

समितिले चैत १४ गतेदेखि १६ गतेसम्म मधेश प्रदेशका पर्सा, रौतहट, सर्लाही तथा महोत्तरीका बालसुधारगृह एवम् कारागारको स्थलगत अनुगमन गरेको थियो । उपसमितिको प्रतिवेदनअनुसार मधेशका जिल्लामा रहेका कारागारको क्षमताभन्दा तीन गुणासम्म कैदीबन्दी छन् । कारागारमा रहेका कैदीबन्दीलाई आममाफी तथा कैद छुट व्यवस्था गरी कारागारको चाप कम गर्न कारागार ऐन २०७९ तथा अन्य प्रचलित ऐनमा अपराध छुट नपाउने नकारात्मक सूचीको पुनरावलोकन गर्नुपर्ने उल्लेख गरिएको छ । कुनै कैदीलाई निर्धारण भएको कैद भुक्तान गरिसक्दासमेत प्रहरीको कालोसूचीबाट नहटने, आजीवन दोषीकै रुपमा बाँच्नुपर्ने अवस्थासमेत रहेको उल्लेख गर्दै प्रतिवेदनमा कालोसूचीबाट हटाउने व्यवस्था मिलाउनसमेत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

क्षमताभन्दा बढी कैदीबन्दी हुँदा उनीहरुलाई बस्न एवम् सुत्नसमेत समस्या भएको छ । कारागार कार्यालय महोत्तरीमा रहेका कैदीबन्दीलाई १७ इन्च भागमा सुत्नुपर्ने अवस्था छ । ६.५ बिघामा रहेको कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी भएपछि महिला कैदीबन्दीलाई राख्नसक्ने अवस्थासमेत छैन । एउटा भवनमा १६ कोठा रहेको कारागारको क्षमता २ सय कैदीबन्दी राख्ने छ तर ५ सय ४३ कैदीबन्दी छन् । उनीहरुको प्रयोगका लागि १२ शौचालय मात्र छ ।

क्षमताभन्दा बढी कैदीबन्दी हुँदा उनीहरुलाई सुत्ने व्यवस्था अपर्याप्त छ भने सुत्न खाटसमेत व्यवस्था छैन । कैदीबन्दीको अत्यधिक चापका कारण कहिलेकहिँ अक्सिजन अभावले कैदीबन्दी निस्सासिने अवस्था रहेको प्रतिवेदनमा उल्लेख छ । उपसमितिले कारागारको भवन पुनःनिर्माण तत्काल आवश्यक देखिएको जनाएको छ । यस्तै, १९९० मा स्थापना भएको कारागार कार्यालय, रौतहटसमेत जीर्ण अवस्थामा छ । १०.५ कठ्ठामा फैलिएको कारागार ४ वटा भवनमा सञ्चालनमा रहेकामा १० वटा कोठा रहेको कारागारको क्षमता २ सय जनाको छ । तर कारागारमा १४ महिला र २ सय ९३ पुरुष कैदीबन्दी छन् ।

कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी हुँदा उनीहरुलाई सुत्न समस्या भएको छ भने व्यायाम तथा खेलकुदका लागि उचित प्रबन्ध छैन । कारागारमा ढलको प्रमुख समस्या छ भने वर्षाका बेला डुबानमा पर्ने गरेको छ । एउटा पर्खाल भत्किने अवस्थामा रहेको जनाइएको छ । कारागारमा मुख्य रुपमा अपहरण तथा लागूऔषध ओसारपसारको मुद्दासँग सम्बन्धित कैदीबन्दी छन् । उपसमितिको प्रतिवेदनअनुसार कारागारमा २१ ज्येष्ठ नागरिकसमेत छन् ।

यस्तै, राणाकालमा स्थापना भएको पर्साको कारागारसमेत जीर्ण अवस्थामा छ । १ बिघा १८ कठ्ठामा फैलिएको कारागार १० वटा भवनमा सञ्चालन रहेकामा ५५ कक्ष प्रयोगमा छ । केही भागमा मर्मत कार्य तत्काल गर्नुपर्ने देखिएको छ । कारागारको क्षमता ७ सय जनाको मात्र रहेकामा १ हजार ४ सय ४४ जनासम्म कैदी हुने गर्छन् । ४९ ज्येष्ठ नागरिक छन् । महिला र पुरुषका लागि छुट्टाछुट्टै कारागार छ । कारागारमा रहेका कैदीमध्ये करिब ७० प्रतिशत कैदी दुर्घटना मुद्दाका छन् । कारागारमामा कैदीबन्दीका लागि खेलकुद तथा व्यायामको राम्रो व्यवस्था भएको पाइएको छ ।

यस्तै, कारागारमा रहेका महिलामध्ये अधिकांश लागूऔषध ओसारपसारमा कैद सजाय पाइरहेको पाइएको छ । उनीहरुले गरिबीका कारण यसमा संलग्न भएको जानकारी दिएको प्रतिवेदनमा उल्लेख छ

हालै सञ्चालनमा आएको सर्लाहीको कारागारमा ६ वटा भवन छ । प्रशासनिक भवन र स्टोर भवन मर्मतसम्भार गर्नुपर्ने अवस्था देखिएको प्रतिवेदनमा उल्लेख छ । १३ वटा कोठा रहेको कारागारको कैदीबन्दीको क्षमता पुरुषका लागि १ सय ६० र महिलाका लागि ५० रहेकामा १९ महिला र १ सय ८८ पुरुष छन् ।

कारागारमा ३ जना आश्रित बालबालिकासमेत रहेकामा उनीहरुका लागि लेखपढको कुनै व्यवस्था नरहेको पाइएको छ । कैदीबन्दीलाई सुत्न खाटको व्यवस्था नभए पनि सिरक डस्ना उपलब्ध रहेको पाइएको छ । कारागारमा कैदीबन्दी आफ्नो व्यक्तिगत खर्चमा रेडियो, टेलिभिजन राख्ने गरेको पाइएको छ ।

## बालसुधार गृहमा अधिकांश बलात्कारकै कैदीबन्दी

पर्साको वीरगंज बालसुधार गृहमा रहेका अधिकांश कैदीबन्दी बलात्कारको मुद्दाका रहेको पाइएको छ । दुईवटा भवनमा सञ्चालनमा रहेको सुधार गृहको भवनसमेत जीर्ण अवस्थामा छ । दुई वटा भवनको ११ वटा कोठामा रहेको सुधार गृहमा समेत क्षमताभन्दा बढी बालबालिका कैदीबन्दी रहेका छन् । यहाँका बालबालिका कैदीबन्दीका लागि सुत्ने, बस्ने ठाउँ अपर्याप्त र साँघुरो छ । सुधार गृहको क्षमता ५० जनाको रहेकामा १ सय १७ बालकैदी छन् । १८ वर्षभन्दा माथिका ५२ जना रहेको पाइएको छ ।

बालकैदीका लागि सुत्न खाट व्यवस्था गरिएको पाइए पनि उनीहरुका लागि खेलकुद, मनोरञ्जन तथा सिर्जनात्मक क्रियाकलाप सञ्चालनको कुनै व्यवस्था नरहेको पाइएको छ । उपसमितिको प्रतिवेदनअनुसार, उनीहरुका लागि पुस्तकालय, रेडियो, टेलिभिजन, इन्टरनेटको व्यवस्था रहेको तर पत्रपत्रिकाको व्यवस्था नरहेको पाइएको छ । आपतकालीन उद्धार तथा राहतको कुनै पनि व्यवस्था नरहेको बालसुधार गृहमा जबर्जस्ती करणी मुद्दामा सबैभन्दा बढी बालकैदी छन् । बालकैदीसँगको अन्तरवार्तामा समेत उनीहरुले आफूलाई जबर्जस्ती करणीका बारेमा जानकारी नभएको र सामान्य लहलहैमा यस्तो कार्य गर्न पुगेको जवाफ दिएका छन् ।

सुधार गृहमा जबर्जस्ती करणीका ४५, सामुहिक जबरजस्ती करणीका १, हाडनातामा जबर्जस्ती करणीका १, जबर्जस्ती करणी उद्योगका ३, बालविवाह र जबर्जस्ती करणीका १, अपहरण, शरीर बन्धक तथा जबर्जस्ती करणीका २, जबर्जस्ती करणी गरी ज्यानसम्बन्धी कसुरका १, जबर्जस्ती करणी गरी कर्तव्य गरी ज्यान मारेको १, अपहरण र जबर्जस्ती करणीका १, अप्राकृतिक मैथुनका ५, कर्तव्य ज्यानका ७, ज्यानसम्बन्धी कसुरका २, सवारी ज्यानका ७, सवारी अंगभंगका २, सवारी अंगभंग तथा क्षतिपूर्तिका १, ज्यान मार्ने उद्योगका १, लागूऔषधका ११, अपहरण शरीर बन्धकका ६, मानव बेचबिखन तथ ओसारपसारका १, नकवजनी चोरीका ५, चोरीका ३, चोरी तथा डाँकाका ४, चोरी तथा डाँका, अभद्र व्यवहारका १, डाँकाका २, व्यक्ति बेपत्ताको मुद्दामा १ जना छन् । बालसुधार गृह मानव बस्तीको बीचमा रहेकाले सुरक्षा संवेदनशीलताको हिसाबले बढी जोखिमयुक्त रहेको पाइएको छ ।

आठ जिल्लाकै बालकैदीलाई सुधारगृहले धान्नु पर्ने भएकाले क्षमताभन्दा बढी संख्यामा कैदी रहेको प्रतिवेदनमा उल्लेख छ । सुधार गृहमा एउटा कोठामा १७ जनासम्म बालबालिकालाई राख्नुपर्ने अवस्था छ । ठाउँ अभावका कारण यहाँ बालकलाई मात्र राख्ने गरिएको छ । बालसुधार गृह भए पनि २८–२९ वर्षसम्मका कैदी रहेकाले वयस्कलाई कम उमेरका बालबालिकासँग राख्दा धेरै जोखिम बढेको अवस्था छ । समितिले १८ वर्षभन्दा बढी उमेरका कैदीलाई छुट्टै व्यवस्था तत्काल गर्नुपर्ने औंल्याएको छ ।

यस्तै, लागूऔषध मुद्दामा पक्राउ परेका बालबालिकालाई समेत अन्य बालबालिकासरह एकै ठाउँमा राख्दा अन्य बालबालिकामा नकारात्मक प्रभाव परेको जनाइएको छ । समितिले कारागार र सुधार गृहको अनुगमन गरेपछि निष्कर्ष तथा सुझावसमेत दिएको छ । समितिले बालसुधार गृहलाई मानव बस्तीभन्दा टाढा स्थानमा पर्याप्त भौतिक संरचनासहित स्थानान्तरण गर्न गृह मन्त्रालयलाई निर्देशन दिनुपर्ने जनाएको छ ।

यस्तै, नेपालको सामाजिक संरचना एवम् विद्यमान खाद्य अभ्यासले व्यक्तिमा १८ वर्षभन्दा अगाडि देखि नै वैश्यक झैँ सोचाई, शारीरिक विकास एवम् चाहना सिर्जना हुने गरेको कुरा विभिन्न घटनाक्रमबाट स्पष्ट भएको र तराईका जिल्लामा ८० प्रतिशत विवाह १६ वर्षभित्रमा हुने गरेको पाइएकोले १८ वर्षको सिलिंग उमेरलाई १६ वर्षमा निर्धारण गर्ने प्रयोजनार्थ महासन्धीको संशोधन गर्न आवश्यक कुटनीतिक पहल गर्न कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, परराष्ट्र मन्त्रालय र महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई निर्देशन दिनुपर्ने जनाएको छ ।

बालबालिकाको अधिकारसम्बन्धी महासन्धी, १९९० र बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार १८ वर्षसम्मका व्यक्तिलाई बालबालिका मानेको अवस्था छ । बालसुधार गृहमा १८ वर्षभन्दा माथिका वैश्यक व्यक्तिसमेत रहेको सुधार गृहमा विभिन्न आपराधिक क्रियाकलापमा उनीहरुको संलग्नता रहेकाले उनीहरुलाई अन्य कारागार वा सुधारगृहमा व्यवस्थापन गर्न पहल गर्न निर्देशन दिनुपर्ने उपसमितिले जनाएको छ ।

**पर्सा कारागार**

पर्सा कारागार १० भवनमा सञ्चालन रहेको, ५५ कक्ष प्रयोग भएको, केही भागमा आवश्यक मर्मत कार्य तत्काल गर्नुपर्ने देखिएको छ । शौचालयको सरसफाइ सन्तोषजनक रहेको पाइएको छ । १ हजार १ सय ४३ कैदीबन्दी रहेको, जसमध्ये ४९ ज्येष्ठ नागरिक रहेको, ३ सय ४६ कैदीबन्दी रहेको प्रतिवेदनमा उल्लेख छ । कैदीबन्दीका लागि १५–१५ दिनमा सिधा वितरण गरिएको छ ।

खाना दिनको दुईपटक उपलब्ध गराइएको, कैदीबन्दीका लागि स्वास्थ्यकर्मी दरबन्दी २ रहेको, छुट्टै जाँच तथा उपचार कक्ष व्यवस्था रहेको तथा औषधी उपलब्ध गराएको पाइएको छ । त्यसैगरी, कैदीबन्दीका लागि खेलकूद तथा व्यायामको राम्रो व्यवस्था भएको, पत्रपत्रिकाको व्यवस्थासमेत हुने गरेको पाइएको छ । पुस्तकालय राम्रो व्यवस्था रहेको र रेडियोको समेत व्यवस्था पाइएको छ । सीपमूलक व्यवस्थाका लागि कार्पेट बुन्ने, मुढा बुन्ने कार्यक्रमे व्यवस्था भएको पाइएको छ । हेल्पडेस्क र भेटघाटका लागि राम्रो व्यवस्था छ । भेटघाटका लागि बिहान १०ः३० देखि ४ बजे बेलुकासम्म रहेको व्यवस्था छ ।

महिला कारागार भ्रमणक्रममा ६४ वर्षीया वृद्धासमेत ज्यान मार्ने उद्योगको मुद्दामा रहेको भेटिएको छ । ती वृद्धा पूर्व राष्ट्रसेवक कर्मचारी (अनमी) रहेको र गर्भपतन गराएको अपराधमा कैद भुक्तानी गरेको पाइयो, तीनको शारिरिक अवस्था एकदमै दयनीय अवस्थामा रहेको पाइएको छ । कारागारमा महिला कैदी बढी लागूपदार्थ ओसारपसारमा कैद सजाय पाएको भेटिएको छ । अन्तर्वार्ताक्रममा गरिबीका कारण यसमा संलग्न भएको जानकारी प्राप्त भएको बताइएकोक छ । लागू औषधको मुद्दामा मुख्य अपराधीभन्दा भरिया बढी फस्ने गरेको पाइएको प्रतिवेदनमा उल्लेख छ ।

**महोत्तरी कारागार**

कारागार एउटा भवनमा मात्र सञ्चालन भएको छ, भवनको अवस्था जीर्ण छ, तीनवटा तलामा जम्मा १६ कोठा छ । १२ शौचालय रहेको र शौचालयको सरसफाइको अवस्था सन्तोषजनक रहेको

बाँकी पृष्ठ २ मा

# असईद्वारा बहुविवाह, उल्टै जेठीमाथि मुद्दा !





**मधेशदृष्टि**
**बारा ।**
प्रहरीलाई कानून परिपालना गर्ने पहिलो शक्तिका रुपमा लिइन्छ । समाजका ससाना अपराध पनि प्रहरीकै मदतमा निमित्यान्न पारिन्छ । यस्तै, नेपालको कानूनले बहुविवाहको परिकल्पना नै गरेको छैन । बहुविवाह बर्जित छ । बहुविवाहकै कारण कैयौँको राजनेताहरुको चरित्र सिध्दिएको छ । कार्यालय प्रमुख, प्रहरी अधिकृतहरुको पनि उन्नति, प्रगति रोकिएको छ ।

तर नेपाल प्रहरीमै कार्यरत एक प्रहरी सहायक निरीक्षक लक्ष्मी नारायण कुर्मी (असइ, अवकाश प्राप्त)ले भने पदीय मर्यादा दुरुपयोग गर्दै बहुविवाह गरेको र जेठी पत्नीलाई अंश लिएर सम्बन्ध विच्छेद गर्न दबाब दिएको खुलासा भएको छ । उनले शक्ति दुरुपयोग गर्दै जेठी पत्नीलाई ताडना दिएको र सोझी पत्नीको फाइदा उठाउँदै अदालतबाट समेत आफ्नो पक्षमा फैसला गराएको खबर मधेशदृष्टिलाई प्राप्त भएको छ ।

बाँकी समाचार पृष्ठ २ मा

उच्च अदालत जनकपुर अस्थायी इजलाश वीरगंजमा बारा, बहुअरी वडा नम्बर ५ (हाल परवानपुर–५)का लक्ष्मीनारायण प्रसाद कुर्मीलाई पत्नी अनिता देवी पटेल, छोरा कुमार पटेल र छोरी पुस्तिका देवी पटेलले मुद्दा दायर गरेको र अदालतले जिल्ला अदालत बाराकै फैसला सदर गरेको पाइएपछि परिवार न्याय माग्दै मिडियामा आएका हुन् ।

२०८० चैत ९ गते प्रमाणिकरण भएको मुद्दा फैसलामा पनि नेपाल प्रहरीका सहायक निरीक्षक पदमा कार्यरत पति लक्ष्मीनारायणकै पक्षमा फैसला भएको छ । उनले घरपरिवारलाई वास्ता नगरेको, कुनै खर्च नदिएको परिवारजनको आरोप छ भने बारा जिल्ला अदालतले २०७९ असार १ गते गरेको फैसलापछि परिवारले उच्च अदालतमा मुद्दा दायर गरेका हुन् । बारा अदालतले उनीहरुलाई मासिक १० हजार रुपैयाँ भराइदिने फैसला गरेपछि बहुविवाह गरेर पतिबाटै अंश मुद्दामा हारेका अनितादेवीसहित छोराछोरी उच्च अदालत पुगेका थिए ।

नेपाल प्रहरीमा रहेका लक्ष्मी नारायणले सप्तरीमा कार्यरत भएका बेला बहुविवाह गरेको पाइएको छ । अनितदेवीले भनिन्, 'कोसँग विवाह गरेको भन्ने समेत थाहा छैन, अहिले उहाँ अवकाश लिइसक्नु भएको छ, हामीसँग सम्पर्कमा पनि हुनुहुनछ, अंश लिएर सम्बन्ध विच्छेद गर्न मुद्दा हालेर हामीलाई हराइसक्नु भएछ, हामीलाई केही थाहा छैन ।' 'ससाना छोराछोरी पालेँ, हुर्काएँ, दुः पाएँ, अहिले उल्टै मलाइ छोड भनेर उहाँले नै अर्को मुद्दा हालेपछि मरेतुल्य भएकी छु,' उनले भनिन्, 'बहुविवाह उहाँले गर्ने, मुद्दा पनि उहाँले हाल्ने, हामी त कसरी बाँच्ने भन्ने भएको छ ।'

तस्बिरः परिवारसहित लक्ष्मीनारायण र दोस्रो पत्नीसहित उनी ।

*लक्ष्य नै नराखी बाँच्नुभन्दा महान्*
*लक्ष्य बोकेर मर्नु महानता होइन र ?*
*–खलिल जिब्रान*

## सम्पादकीय

# बंगलादेशका हिन्दूको सुरक्षा सवाल

*विद्यार्थीको कोटा प्रणालीविरुद्धको आन्दोलनपछि बंगलादेशमा सत्ता छाडेर प्रधानमन्त्री शेख हसिना भागिन् । त्यहाँ चुनाव गराउने गरी नयाँ र अन्तरिम सरककार निर्माण भइसकेको छ । तर बंगलादेशको राजनीतिमा छेउटुप्पै नछोएको हिन्दू तथा बौद्ध धर्मावलम्बीमाथि जारी हिंसा र बर्बर घटनाले नेपालसमेत समवेदित भएको छ । नेपालका पनि संघीयराजधानी काठमाडौँसहित देधर यसविषयमा चर्चा, छलफल, बहस, विरोध कार्यक्रम भइरहेका छन् । यहीक्रममा संघीय राजधानी काठमाडौंको माइतीघर मण्डलामा व्यापक विरोध प्रदर्शन भएको छ । राष्ट्रिय एकता अभियानको आयोजनामा सम्पन्न कार्यक्रममा विभिन्न धार्मिक तथा सामाजिक संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो । अभियानका अध्यक्ष विनय यादवले समन्वय गरेको कार्यक्रममा वरिष्ठ नेता बिपी यादवले बंगलादेशमा हिन्दू तथा बौद्ध धर्मावलम्बीमाथि भइरहेको हिंसालाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुपर्ने बताए । धार्मिक असहिष्णुताको घटना मानवीय हकका लागि घातक भएको र नेपाल सरकार मौन बस्न नहुने विषय उठान भएको थियो ।*

*विश्व हिन्दू महासंघका महासचिव रामचन्द्र तिवारीले बंगलादेशमा भइरहेको हिंसाको कडा निन्दा गर्दै नेपालका हिन्दूहरूले एकजुट भएर अन्तर्राष्ट्रिय दबाब सिर्जना गर्नुपर्ने बताए । सबै हिन्दू एक ठाउँमा उभिनुपर्ने बेला आएको सुनाए । धार्मिक सहिष्णुता र अस्तित्वमाथि खतरा मडारिरहेको उल्लेख गरे । धार्मिक नेता केशव चौलागाईंले यस किसिमको हिंसा रोक्न अन्तर्राष्ट्रिय समुदायलाई सम्बोधन गर्ने प्रयास गरिनुपर्ने बताए । धर्मका नाममा भइरहेको हिंसा रोक्न नेपालका तर्फबाट पनि प्रयास हुनु पर्ने आजाव उठे । मानव धर्मसेवा समितिका इन्चार्ज सागर कटुवालले पनि धार्मिक हिंसाविरुद्ध एकता र संकल्पलाई प्रगाढ बनाउनुपर्ने बताए । धार्मिक हिंसाविरुद्ध सबैले सामूहिक प्रयास गर्नुपर्ने कर्तव्यबाट कोही पछि हट्न नहुने बताए । विरोध कार्यक्रममा इस्कानका प्रतिनिधिहरू पनि सहभागी भएका थिए । उनीहरूले बंगलादेशमा भइरहेको धार्मिक हिंसा रोक्न अन्तर्राष्ट्रिय समुदायले कदम चाल्नुपर्नेमा जोड दिए । कार्यक्रमका सहभागीहरूले बंगलादेशमा हिन्दू तथा बौद्ध धर्मावलम्बीमाथि भइरहेको निरन्तर हिंसा र अत्याचारको कडा निन्दा गर्दै त्यसको तत्काल अन्त्य माग गरे । विरोध प्रदर्शनमा उपस्थित सबै वक्ताले बंगलादेशमा जारी धार्मिक हिंसाको विरोधमा आवाज उठाउन आग्रह गरे र नेपालमा पनि हिन्दू धर्म र संस्कृति बचाउन सबैलाई एकजुट हुन आह्वान गरेका थिए । धार्मिक सहिष्णुताको महत्वलाई पुनः बलियो बनाउँदै आआफ्नो तर्फबाट योगदान दिने प्रतिज्ञा पनि गरिएको थियो ।*

*कोटा प्रणालीको विरोधमा भएको कार्यक्रमले सत्ता ढालिसकेको छ । राजनीतिक परिवर्तन गरिसकेको छ । यसैको विजयी उन्मादमा त्यहाँ देखिएको धार्मिक कदम र हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुमाथिको यातनालाई संसारले नियालिरहेको छ । यस्तोघटनाहरुले नेपालमा पनि प्रभाव पारिरहेको छ । हिन्दू मतहरु एक भएर यसको विरोधमा उत्रिएरहेका छन् । यसले पार्ने प्रभावमा राज्य समयमा समवेदित हुन जरुरी छ । जसको जहाँ बल संख्या छ, त्यहाँ उनीहरु उत्तेजित भए पक्कै असर नराम्रो हुने छ, यसले सबैलाई क्षति पुग्नेछ । यसैले अहिले नै यस्ता असन्तुष्टिहरु सम्बोधन गर्नु राज्यको दायित्व भित्र पर्दछ । पछि यही विषयमा कुनै जटिलता आइलागे समस्या समाधान बंगलादेशमा जस्तै ढिलो हुन सक्छ भन्ने शासकहरुले बुझ्न पनि जरुरी छ ।*

# कार्यविधि विपरीत योजना वितरणको अन्त्रतय के हो ?



**एसपी गौरव**

**सर्लाही ।**
मधेश प्रदेश सरकारका निवर्तमान अर्थ मन्त्री र पर्यटन मन्त्रीलाई दोषी ठहर गर्दै विशेष संसदीय छानविन समिति २०८० ले पेश गरेको २२ पृष्ठ लामो प्रतिवेदन गत बुधबार नै मधेश प्रदेश सभाबाट पारित भइसकेको छ । मधेश प्रदेश सरकारका अर्थ मन्त्री र पर्यटन मन्त्रालयले कार्यविधि विपरीत रकमान्तर गरेको निष्कर्ष प्रतिवेदनमा रहेको समितिका संयोजक उप्रेन्द्र महतोले जानकारी दिए । प्रदेश सभाबाट पारित प्रतिवेदन सरकारलाई औपचारिक रूपमा बुझाइने र त्यस पछिको प्रक्रिया सरकारको जिम्मामा जाने प्रदेश सभाका सभामुख रामचन्द्र मण्डलले बताए । प्रदेश सरकारले अर्थ र पर्यटन मन्त्रालयले आर्थिक वर्ष २०७९–८० मा गरेको अनियमितता बारे छानबिन गर्न विशेष संसदीय छानबिन समिति २०८० गठन गरेको थियो । यी मन्त्रालयले विशेष अनुदान र सशर्त अनुदानमा नियमविपरीत रकमान्तर गरेको गुनासो आएपछि सरकारले एक वर्ष अगाडि सर्लाही क्षेत्र नम्बर १ प्रदेश सभा (क)का प्रदेश सभा सदस्य एवम जनता समाजवादी पार्टी (जसपा)नेपालका नेता महतोको संयोजकत्वमा ११ सदस्यीय विशेष छानबिन समिति २०८० गठन गरेको थियो ।

'अर्थ मन्त्रालयले विभिन्न मन्त्रालयमा विशेष अनुदान र सशर्त अनुदानमा कार्यविधि विपरीत योजना वितरण गरेको, प्रदेश सशर्त अनुदान सम्बन्धी कार्यविधि २०७८ को दफा ४ को उपदफा २ मा उपमहानगर तथा महानगरपालिकालाई ५० लाख रुपैयाँभन्दा कमको योजना तथा कार्यक्रम नदिने नियम भएपनि अर्थ मन्त्रालयले नीति विपरीत उपमहानगरपालिका तथा महानगरपालिकालाई सशर्त अनुदान पठाएको' प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अर्थ मन्त्रालयले नियमविपरीत वीरगंज महानगरपालिका–१५, जगरनाथ सोनारको घरदेखि अबुलैसको घरसम्म तथा छेउछाउको अधुरो सडक तथा नाला निर्माणका लागि २५ लाख रुपैयाँ, जनकपुर उपमहानगरपालिका ४ मा पनि रामकृपाल मुखियाको घरदेखि सदानन्द झा तथा लालबाबु साहको घरदेखि मुल बाटोसम्म पीसीसी ढलानका लागि २५ लाख रुपैयाँ, उपमहानगर जीतपुरसिमरामा पनि अधुरो सामुदायिक भवन निर्माणका लागि २५ लाख रुपैयाँ रकमको योजना बाँडिएको छ । 'अर्थ मन्त्रालयले आफैँले बनाएको कार्यविधि विपरीत वीरगंज महानगरलाई २५/२५ लाखका ११ वटा योजना, जनकपुर उपमहानगरपालिकालाई २५/२५ लाखका दुई वटा योजना, कलैया उपमहानगरपालिकालाई २५/२५ लाखका दुई वटा योजना र जीतपुरसिमरा उपमहानगरपालिकालाई २५ लाखको एउटा योजना दिएको पाइएको' समितिको प्रतिवेदनले देखाएको छ ।

'कुल लागत २५ लाख रुपैयाँभन्दा कमको योजना तथा कार्यक्रमका लागि विशेष अनुदान प्रदान नगरिने विशेष अनुदान कार्यविधि २०७८ को दफा ४ को उपदफा (२) मा उल्लेख छ तर कार्यविधि उल्लंघन गरी वीरगंज महानगरलाई १०/१० लाख रुपैयाँका दुई वटा र २० लाख रुपैयाँ, १७ लाख रुपैयाँ तथा १३ लाख रुपैयाँका एउटा/एउटा योजना दिइएको' छानविन समितिले भनेको छ ।

त्यसैगरी सिरहाको कर्जन्हा नगरपालिकालाई १०/१० लाख रुपैयाँका दुई वटा र पाँच लाख रुपैयाँको एउटा, सप्तरीको राजविराज नगरपालिकालाई पाँच/पाँच लाख रुपैयाँका दुई वटा र बाराको सुवर्ण गाउँपालिकालाई १८ लाख रुपैयाँको एउटा योजना अर्थ मन्त्रालयले बाँडेको प्रतिवेदनमा उल्लेख छ ।

आर्थिक वर्षको अन्त्यमा विभिन्न मन्त्रालयबाट रकमान्तरका लागि लेखिएको पत्र अनुसार रकमान्तर गरिएको प्रतिवेदनमार्फत सार्वजनिक गरिएको छ । मन्त्रालयहरूको शुरुको बजेट विनियोजनमा रकम थपघट गरिएको प्रतिवेदनमा उल्लेख छ । विविध शीर्षकमा छुट्ट्याइएको रकम पनि आकस्मिक खर्चका लागि रकमान्तर गरेको पाइएको छ । तत्कालीन अर्थमन्त्री संजयकुमार यादवले अर्थमन्त्री पदको दुरुपयोग गरी आफूखुसी योजना बेचेको आरोप लागेपछि मधेश प्रदेश सरकारले विशेष संसदीय छानबिन समिति २०८० गठन गरेको थियो ।

त्यसैगरी प्रतिवेदनमा खासगरी अर्थ र पर्यटन मन्त्रालयले बजेटमा चरम अनियमितता गरेको निष्कर्ष निकालिएको छ । तत्कालीन उद्योग, पर्यटन तथा वन मन्त्री सुनिता यादवका स्वकीय सचिवको लेटर प्याडमा लेखिएको आधारमा ४२ करोड रुपैयाँभन्दा बढी बजेट रकमान्तर गरिएको समितिले आफ्नो प्रतिवेदनमा उल्लेख गरिएको छ । 'स्वकीय सचिवको सोही लेटर प्याडको आधारमा टिप्पणी उठाइएको छ, त्यसपछि ४२ करोड ६० लाख १० हजार रुपैयाँ रकमान्तर गरिएको छ । त्यो रकम खासगरी मठ, मन्दिर, सामुदायिक भवन, प्रवेशद्वार र कमाउण्ड वाल निर्माणमा खर्च भएको र यो रकम भू तथा जलाधार व्यवस्थापन कार्यालय सिरहा र रौतहट पठाइएको' विशेष छानबिन समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**आरोपित मन्त्री सन्जय र सुनिता के भन्छन् ?**

कहीँ पनि नियम विपरीत बजेट नचलाएको र छानबिन समितिले सदनमा पेस गरेको प्रतिवेदन कपोकल्पित रहेको तत्कालीन अर्थमन्त्री यादवले बताए । 'त्यो प्रतिवेदन समितिको सभापतिको व्यक्तिगत कुण्ठामात्र हो, उहाँ मेरो प्रतिद्वन्द्वी हो । त्यही भएर मलाई बदनाम गर्न यस्तो षड्यन्त्र गर्नु भएको हो ।' तत्कालीन अर्थमन्त्री यादवले बताए ।

सर्लाही क्षेत्र नम्बर ३ प्रदेश सभा (ख) बाट उनी जनता समाजवादी पार्टी(जसपा)बाटै निर्वाचित भएका हुन् । त्यसैगरी तत्कालीन पर्यटन मन्त्री सुनिता यादवले पनि छानबिन समितिको प्रतिवेदन भ्रामक र समितिका सभापतिको इच्छाअनुसारको प्रतिवेदन भएको आरोप लगाइन् । 'मेरो कार्यकालमा कहीँ पनि चुक्ने काम गरेकी छैन, न त मेरो स्वकीय सचिवले नै गरेका छन् । यदि कसैले प्रमाणसहित देखाइदियो भने म कारबाही भोग्न तयार छु ।' तत्कालीन पर्यटन मन्त्री यादवले बताइन् । धनुषाकी उनी नेकपा (माओवादी केन्द्र)बाट सामानुपातिक तर्फकी प्रदेश सभा सदस्य हुन् ।

**कांग्रेस विभाजित**

यता, विशेष संसदीय छानविन समिति २०८० ले पेश गरेको प्रतिवेदन निर्णयार्थ पारित गर्ने क्रममा नेपाली कांग्रेसका प्रदेश सभा सदस्यहरु नै दुई भागमा विभाजन भएका छन् । करिब एक वर्षमा समितिले सम्पूर्ण छानविनको प्रक्रिया पुरा गरी तत्कालीन अर्थ मन्त्री सन्जय र पर्यटन मन्त्री सुनिताले गैर कानुनी रुपमा शसर्त अनुदान र योजना रकमान्तर गरेको ठहर गरी प्रदेश सभामा समितिको प्रतिवेदन साउन २१ गते बुझाइ साउन २३ गते छलफल सकिए पछि प्रतिवेदन निर्णयार्थ पेश हुँदा सत्ता गठवन्धन मध्येको नेपाली कांग्रेसका १८ जना प्रदेश सभा सदस्यहरु मध्य आठ जना प्रदेश सभा सदस्यहरु बैठक हलबाट बाहिरिएका नेपाली कांग्रेसका एक प्रदेश सभा सदस्यले जानकारी दिए । उनका अनुसार नेपाली कांग्रेको संसदीय दलको नेता बाहिर रहेको र फोन मार्फत आफ्ना सांसदहरुलाई प्रतिवेदन पास नगर्न र तटस्त बस्न निर्देशन दिँदा कांग्रेस संसदीय दलका उपनेता एवम निवर्तमान स्वास्थ्य तथा जनसंख्या मन्त्री वीरेन्द्र प्रसाद सिंहसहित अधिकांश प्रदेश सभा सदस्यहरु प्रतिवेदन पास गर्ने पक्षमा उभिएको समेत बताए ।

नेपाली कांग्रेका नेता कृष्ण यादवले आफ्ना प्रदेश सभा सदस्यहरुलाई फोन गरेर बैठक हल बाहिर निस्किन दबाब दिदा उपस्थित कांग्रेसका १८ जना प्रदेश सभा सदस्यहरु मध्ये आठ जना सदस्यहरु दबाबमा परेर बैठक हलबाट बाहिर निस्की निर्णयमा भाग नलिएका कांग्रेसका एक जना प्रदेश सभा सदस्यले बताए । तथापी पनि कांग्रेसका उपनेता सिंहसहित १० जना कांग्रेसका प्रदेश सभा सदस्यहरुले प्रतिवेदनको पक्षमा समर्थन जनाएका थिए भने नेपाली कांग्रेस मधेश प्रदेशका सचेतक प्रदेश सभा सदस्य कुमार कान्त झाले सचेतक पदबाट राजीनामा समेत दिएका छन् ।

**सचेतकबाट राजिनामा दिएका झा के भन्छन् ?**

तत्कालीन अर्थ मन्त्री यादवले आफूले नियमानुसार काम गरेको दाबी गरेका र प्रतिवेदनमा नियम विपरीत भएको साथै प्रतिवेदन जसरी आउनु पर्ने हो त्यसरी नआएको तथापी पनि आफ्नो प्रतिवेदन माथि विमती नरहेको सचेतक कुमार कान्त झाले बताए । उनले 'आफूहरु छलफलमा १८ जना बसेको र सचेतकबाट राजिनामा दिनु आफ्नो व्यक्तिगत कारण रहेको' बताए । उनले केही प्रदेश सभा सदस्यहरु काम विशेषले बाहिर निस्केका र कृष्ण यादवले दबाब नदिएको बताए । विशेष संसदीय छानविन समिति २०८० ले पेश गरेको प्रतिवेदन माथि आफ्नो कुनै विमति नरहेको उनले दोहोर्याए ।

**के यादवले प्रतिवेदन माथि छलफल हुँदा बाहिरिन दबाब दिएका हुन् ?**

विशेष संसदीय छानविन समिति २०८० ले पेश गरेको प्रतिवेदन निर्णयार्थ पेश गरी पारित भयो । सोही विषयलाई लिएर नेपाली कांग्रेस दुई भागमा विभाजन भएको देखिन्छ, वास्तविकता के हो ? भन्ने हाम्रो प्रश्नमा कृष्ण यादवले कांग्रेस विभाजन नभएको र प्रतिवेदन निर्णयार्थ प्रस्तुत पहिलो अभ्यास भएको र समितिले प्रतिवेदन बनाएर सदनमा पेश गरेको साथै छलफल भएको बताउँदै निर्णयार्थ प्रस्तुत गर्ने कुरा कुनै ऐन तथा नीयमावलीमा नरहेका कारण केही प्रदेश सभा सदस्यहरुको विमति रहेको उनको भनाइ छ ।

तपाईले आफ्नो निकटका कांग्रेसका प्रदेश सभा सदस्यहरुलाई दबाब दिएपछि कांग्रेसका १८ जना प्रदेश सभा सदस्यहरु मध्ये आठ जना बैठक हलबाट बाहिरिए भन्ने छ नी त्यो चाँही के हो ? भन्ने हाम्रो प्रश्नमा यादवले 'विशेष संसदीय छानविन समिति २०८० कुनै पार्टीको समिति होइन्, सांसद आफैँ सार्वभौम र स्वतन्त्र रहेको' बताउँदै उनले उक्त विषयको अस्वीकार गरे । कुमार कान्त झाले सचेतक पदबाट राजिनामा दिएको प्रसंगमा उनले त्यो विषय आफूलाई थाहा नभएको र आधिकारिक राजिनामा नआएको दाबी गरे । कांग्रेसका १८ जना प्रदेश सभा सदस्यहरु मध्ये आठ जनाले प्रदेश सभा बहिष्कार गरेका हुन ? भन्ने प्रश्नमा कांग्रेस उपनेता एवम निवर्तमान स्वास्थ्य तथा जनसंख्या वीरेन्द्र प्रसाद मन्त्री सिंहले प्रदेश सभा सदस्यहरुले बहिष्कार गरेका भन्न नमिल्ने र उपस्थित कांग्रेसका प्रदेश सभा सदस्यहरुले संसदीय दलमा छलफल गरि प्रतिवेदनको पक्षमा रहने भन्ने निर्णय भई हलमा गएकोमा कांग्रेसका केही प्रदेश सभा सदस्यहरुले विमति राखेको स्वीकार गरे ।

प्रतिवेदन निर्णयार्थ पारित गर्ने समयमा माओवादी केन्द्रका प्रदेश सभा सदस्यहरु हलबाट बाहिरिनु भएको हो ? भन्ने प्रश्नमा 'समितिले प्रतिवेदन निर्णयार्थ सदनमा पेश गरेको र बहुमतले पास भएको' नेकपा(माओवादी केन्द्र)का प्रदेश सभा सदस्य जवाहरलाल कुशवाहले बताए । प्रतिवेदन उपर माओवादी केन्द्रका प्रदेश सभा सदस्यहरुको धारणा बारे उनले भने, 'संगठन कमाण्ड अनुसार चल्नु पर्ने र कुनै व्यक्तीले आफ्नो खुसीले गरेका कामको जवाफ पार्टीले दिन नसक्ने' उनले बताए । 'प्रदेश सभा हलबाट बाहिरिनु नै प्रतिवेदन माथिको असमर्थता रहेको' माओवादी केन्द्रका प्रदेश सभा सदस्य कुशवाहले स्वीकार गरे ।

**कांग्रेस मधेश प्रदेशको विवाद उत्कर्षमा**

तत्कालीन अर्थ मन्त्री एवम जनता समाजवादी पार्टी (जसपा)नेपालका नेता यादव र माओवादी केन्द्रकी नेतृ एवम तत्कालीन पर्यटन मन्त्री सुनिता यादव भ्रष्टाचारमा लिप्त रहेका ठकर गर्दे छानविन समितिले तयार पारेको प्रतिवेदन पारित गराउने समयमा कांग्रेस कार्य समिति सभापति यादवले आफू निकटका प्रदेश सभा सदस्यहरुलाई बाहिरि बोलाएर पार्टीको संसदिय दलको निर्णयको विपक्षमा उभिएका उप सभापति सिंह पक्षको आरोप छ । मधेश प्रदेश सरकारका तत्कालीन अर्थमन्त्री सन्जय र तत्कालीन पर्यटन मन्त्री सुनिताले आर्थिक वर्ष २०७९–८० मा विशेष, शसर्त र योजना रकमान्तरमा व्यापक अनियमितता गरेपछि उनीहरुमाथि छानबिन गर्न भन्दै गठन भएको समितिले दोषी ठहर गर्दै प्रतिवेदन तयार पारि निर्णयार्थ प्रस्तुत गरी पारित गरेको भएपनि सभापति यादवले त्यसलाई असमर्थ जनाएका छन् ।

प्रतिवेदनको विपक्षमा रहेर भ्रष्ट मन्त्रीको पक्षमा उभिने कांग्रेसका आठ जना प्रदेश सभा सदस्यहरु कांग्रेस प्रदेश सभापति एवम प्रदेश सभा संसदीय दलका नेता यादवको दबाबमा हलबाट बाहिरिएका भएपनि कांग्रेसले पार्टी भित्रको विवादलाई लुकाउने प्रयास गरेको छ । प्रतिवेदन निर्णयार्थ प्रस्तुत गर्दा त्यसलाई छल्न आफू काठमाडौं पुगेका सभापति यादवले काठमाडौंबाटै आफू निकटका कांग्रेसका प्रदेश सभा सदस्यहरुका साथै अन्य पार्टीका तर यादव समुदायका प्रदेश सभा सदस्यहरुलाई दबाब दिएर भ्रष्ट पूर्वमन्त्री जोगाउन लागि परेका कांग्रेसका एक नेताले बताए । जसका कारण कांग्रेस मधेश प्रदेशमा स्पष्ट दुई लाईन देखिएको उनले बताए । 'सभापति यादवले भ्रष्टाचारीहरुको पक्षमा लागेर पार्टीलाई विवादित बनाउनु भयो । यो राम्रो भएन । यसले नेपाली कांग्रेसको राम्रो सन्देश जनतामा जाँदैन् । सभापति भएर पार्टी एकताबद्ध बनाउनुपर्नेमा जातिवादका नाममा भ्रष्टाचारीहरुको पक्षमा उभिएर पार्टीलाई विभाजन निम्त्याउनु दुखद् हो' उनले भने ।

# बालसुधार गृहमा अधिकांश बलात्कारकै ...

पाइएको छ । कारागार क्षमता २ सय कैदीको रहेको, कारागारमा केवल पुरुष कैदीबन्दी मात्र रहेको पाइएको छ । कैदीका लागि ७ सय ग्राम मोटो चामल र ८० रुपैयाँ दैनिक सिधा स्वरुप उपलब्ध गराउने गरिएको छ ।

कैदीबन्दीका लागि खाना बिहानबेलुका दुई पटक उपलब्ध हुने गरेको, भान्सा र मेसको अवस्था सन्तोषजनक रहेको पाइएको छ । क्षमताभन्दा कैदीबन्दी रहेकाले सुत्ने व्यवस्था अपर्याप्त रहेको, सुत्नका लागि खाट व्यवस्था नभएको पाइएको छ, कारागार भवन पुनःनिर्माण तत्काल आवश्यक देखिएको छ ।

स्वास्थ्यकर्मीको एक जनाको दरबन्दी रहे पनि कार्यरत नरहेको पाइएको छ । नेपाल हेल्थ सोसाइटीबाट १ जना स्वास्थ्यकर्मी खटिएको पाइएको छ । कैदीबन्दीका लागि छुट्टै जाँच तथा उपचार कक्ष नरहेको, कैदीबन्दीका लागि औषधी उपलब्ध गराइने गरिएको पाइयो, कारागारभित्र कैदीबन्दीका लागि व्यायाम गर्ने ठाउँको प्रबन्ध भएको, पत्रपत्रिकासमेत नियमित उपलब्ध हुने गरेको र पुस्तकालयसमेत व्यवस्था भएको पाइएको छ । रेडियो व्यवस्था रहेको पाइएको छ भने इन्टरनेट व्यवस्था रहेको नपाइएको प्रतिवेदनमा उल्लेख छ । कैदीबन्दीका लागि सीपमूलक तालिम व्यवस्था बेलाबेला सञ्चालन हुने गरेको पाइएको छ । प्रत्येक कैदीलाई भेटघाटका लागि १० देखि १५ मिनेट निर्धारण गर्ने गरिएको, नाइके–भाइनाइके–चौकीदारको व्यवहार सहयोगी रहेको जानकारी प्राप्त भएको प्रतिवेदनमा उल्लेख छ ।

**सर्लाही कारागार**

कारागारमा ६ भवन छ भने प्रशासनिक भवन र स्टोर भवन मर्मतसम्भार गर्नुपर्ने अवस्थामा रहेको पाइएको छ । कोठा संख्या १३ रहेकामा शौचालयको सरसफाइ सन्तोषजनक भेटिएको छ । कारागारका कैदीबन्दी क्षमता पुरुषका लागि १ सय ६० र महिलाका लागि ५० रहेको पाइएको छ । कैदीबन्दीका लागि सुत्न खाट व्यवस्था नभएको तर सिरक डस्ना उपलब्ध रहेको पाइएको छ । एकजना अहेव कार्यरत रहेको र छुट्टै जाँच तथा उपचार कक्ष रहेको पाइएको छ । औषधीका लागि कारागारलाई हाल कुनै पनि बजेट उपलब्ध नभएको तर अत्यावश्यक औषधी उधारोमा उपलब्ध गराउने गरेको पाइएको छ ।

कैदीबन्दीले व्यक्तिगत खर्चमा रेडियो, टेलिभिजन राखेको, हेल्पडेस्क तथा भेटघाट कक्षको उचित व्यवस्था रहेको पाइएको छ । भेटघाटका लागि बिहान १० बजेदेखि बेलुकी ३ बजेसम्म निर्धारण गरिएको पाइएको छ । कारागारमा भेटघाट कक्ष सन्तोषजनक रहेको पाइए पनि उजुरी पेटिकाको कुनै पनि व्यवस्था भएको नपाइएको प्रतिवेदनमा उल्लेख छ ।

**रौतहट कारागार**

कारागारमा ४ भवनमा सञ्चालन रहेको र भवनको अवस्था जीर्ण रहेको पाइएको छ । १० कोठा रहेको, शौचालयको सरसफाइको अवस्था सन्तोषजनक रहेको पाइएको छ । कारागार क्षमता २ सय जनाको रहेकामा १४ महिला र २ सय ९३ पुरुष कैदीबन्दी रहेको पाइएको छ । कैदीबन्दीले नियमितरुपमा सिधा पाउने गरेको, कैदीबन्दीका लागि नियमितरुपमा सिधा उपलब्ध हुने गरेको पाइएको छ भने भान्सा–मेस सन्तोषजनक पाइएको छ । खानेपानीको उचित प्रबन्ध रहेको छ । कैदीबन्दीलाई दिनको दुई पटक खाना व्यवस्था छ ।

स्वास्थ्य सेवाका लागि एक अहेव कार्यरत रहेको र कैदीबन्दीको जाँच र उपचारका लागि छुट्टै कक्ष व्यवस्था छ । कैदीबन्दीका लागि औषधी नियमित उपलब्ध गराइने गरेको पाइएको छ । कैदीबन्दीको सुत्ने स्थान साँघुरो रहेको र व्यायाम तथा खेलकुदका लागि उचित प्रबन्ध भएको नपाइएको कैदीबन्दीका लागि दैनिक पत्रपत्रिका तथा पुस्तकालय व्यवस्था भएको पाइएको छ । कैदीबन्दीका लागि मुढा बुन्नेलगायतका सीपमूलक तालिम व्यवस्था गरिएको छ, भेटघाट कक्ष र हेल्पडेस्क उचित रहेको छ । कारागार प्रशासनले भेटघाटका लागि १५ मिनेटको समय निर्धारण गरिएको छ । नाइके–भाइनाइके–चौकीदारको व्यवहार सन्तोषजनक रहेको पाइएको छ ।

## अन्तर्राष्ट्रिय

# राजनीतिक, सामाजिक र धार्मिक सहिष्णुताका लागि अपिल

**बङ्गलादेश ।**
बंगलादेशका अन्तरिम सरकारको नेतृत्व गरेका नेता मोहम्मद युनुसले शनिबार राजनीतिक, सामाजिक र धार्मिक एकताका लागि सबै देशबासीसँग अपिल गरेका छन् ।

शेख हसिनाको १५ वर्षे शासन अन्त्य गर्ने क्रममा भएको जनप्रदर्शनमा प्रहरीले चलाएको गोली लागि मृत्यु भएका एक छात्राकी रोइरहेकी आमालाई अँगालो हाल्दै अन्तरिम सरकारको नेतृत्वकर्ता युनुसले विगतको हृदय विदारक घटनालाई मनमा राख्न र धार्मिक सहिष्णुता प्रकट गर्न आग्रह गरेका हुन् ।

नोबेल पुरस्कार विजेता ८४ वर्षीय युनुस यसै साता युरोपबाट फर्किएको र अव्यवस्थाको अन्त्य र प्रजातान्त्रिक सुधारको ठूलो चुनौतीको सामना गर्दै अन्तरिक प्रशासनको नेतृत्व सम्हालेका हुन् । 'हाम्रो जिम्मेवारी नयाँ बङ्गलादेश निर्माण गर्नु हो,' उनले भने । पूर्वप्रधानमन्त्री हसिनालाई विद्यार्थी आन्दोलनको बलमा गत साता पदच्युत गरिएपछि देशका हिन्दू अल्पसंख्यक समुदायमाथि भएका कैयौं प्रतिशोधात्मक आक्रमणले छिमेकी मुलुक भारतमा सन्त्रास पैदा गर्नुका साथै स्वदेशमा पनि त्रास फैलाएको छ ।



युनुसले उत्तरी शहर रङ्गपुरको भ्रमणका क्रममा गत महिना भएको अशान्तिका क्रममा मारिएका पहिलो विद्यार्थी अबु सायिदको सम्झनामा शान्ति कायम गर्न आह्वान गरे । उनले भने, 'धर्मका आधारमा विभेद नगर्नुहोस् ।' नोबेल पुरस्कार विजेता युनुसले भने, 'सायिद अहिले हरेक घरमा हुनुहुन्छ । उहाँ जसरी राष्ट्रिय जागरणका लागि उभिनुभयो, हामीले पनि त्यस्तै गर्नुपर्छ । अबु सायिदलाई हेर्ने दृष्टिकोणबारे बङ्गलादेशमा कुनै मतभेद छैन ।' विद्यार्थीको नेतृत्वमा हसिनाको सरकारविरुद्ध भएको प्रदर्शनमाथि प्रहरीले दमन गर्दा २५ वर्षीय सायिदको जुलाई १६ मा प्रहरीले चलाएको गोली लागि मृत्यु भएको थियो ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । सामग्रीले सान्दभिर्कताअनुसार प्राथमिकता पाउनेछ । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ ।

# प्रहरीलाई काठ काट्ने मेशिन सञ्चालन तालिम



**मधेशदृष्टि**
**रौतहट ।**
पूर्व पश्चिम राजमार्ग संग जोडिएको चन्द्रनिगापुर स्थित ईलाका प्रहरी कार्यालयमा कार्यरत १५ जना प्रहरी जवानलाई काठ काट्ने मेसिन सञ्चालन गर्ने तालिम प्रदान गरिएको छ । हावाहुरी लगायत विपदजन्य समयमा रुख ढली बाटो अबरोध भई सवारी आगमन बन्द हुँदा अबरोध हटाउने उदेश्य अनुरूप प्रहरी जवानलाई उक्त तालिम प्रदान गरिएको हो ।
चन्द्रपुर नगरपालिकाद्धारा ईलाका प्रहरी कार्यालयमा उपलब्ध गराईएको चेनसव मेशिन चलाउन हातेमालो सामुदायिक वनमा प्रशिक्षक सिताराम मुसहरद्धारा सनिबार १५ जना प्रहरी कर्मचारीहरुलाई मेशिन चलाउनेसम्बन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञानको प्रशिक्षण दिइएको डिएसपी राजकुमार राईले बताए । साथै राजमार्गमा रुखहरु ढली बाटो अबरोध भएमा उक्त रुखहरु पन्छाई सवारी आवागमन सुचारु गर्न उक्त तालिम प्राप्त प्रहरी टोली तल्काल परिचालन गरिने डिएसपी राईले जानकारी दिए ।

# नदी सरसफाइमा राजविराजका युवा सक्रिय



**राजविराज ।**
जिल्लास्थित राजविराजमा पर्ने भलुवाही खोलामा वर्षौंदेखि थुप्रिएको फोहर स्थानीय युवाले सफा गरेका छन् । 'सरसफाइ तपाईंको हातमा, हामी युवा तपाईंको साथमा' भन्ने नारासहित युवा खोला सरसफाइमा जुटेका हुन् । देशमा परिर्वतन गर्न युवाको आवश्यकता पर्दछ भन्ने सन्देश दिने उद्देश्यले प्रत्येक शनिबार स्थानीय खोला, नदी सरसफाइमा यहाँ युवा सक्रिया हुँदै आएका सप्तरी युथ क्लबले जनाएको छ ।
क्लबको आयोजना तथा राजविराज नगरपालिका र राजविराज युथ कम्युनिटीको सहकार्यमा प्रत्येक शनिबार भलुवाही खोलासहित यहाँका अन्य नदी तथा खोला सरसफाइ अभियानमा युवा जुटेका क्लबका कार्यवाहक अध्यक्ष मोहन यादवले बताए । खोलामा छरिएर रहेका फोहर, घाँस, नाला तथा खोलाभित्र वर्षौंदेखि मानिसले फालेका नकुहिने पानीका बोतल, सिसा, फलामलगायत फोहरजन्य वस्तु निकालेर सफा गरिँदै आइएको उहाँले उल्लेख गरे । युथ क्लब नेपालको आयोजनामा थालिएको सरसफाइ अभियानको आज ११ औँ हप्तामा पुगेको छ ।
कार्यवाहक अध्यक्ष यादवले जिल्लाको समग्र विकाससँगै राजविराजको मुख्य बजार हँदै बग्ने भलुवाही खोलालाई व्यवस्थित गर्न लागिएको जनाए । 'उक्त खोलालाई आफ्नो स्वरुपमा फर्काउन युवाको सहयोगमा आज पनि सरसफाइ गरिएको छ' उनले भने । जलवायु परिर्वतनलाई मध्यनजर गरी राजविराज–८ स्थित खानेपानी डिभिजन कार्यालयबाट कनौली रोडको पब्लिक माध्यमिक विद्यालयसम्म सरसफाइ गरिएको छ । क्लबको स्रोत परिचालन गरेर खोला सरसफाइ थालिएको बताउँदै ४० जनाको समूहमा जेसिबी भाडामा लिएर सरसफाइ गर्ने गरिएको उनले जानकारी दिए ।
कार्यवाहक अध्यक्ष यादवले भने, 'समुदायलाई सफा, स्वास्थ बनाउन, पर्यावरणीय सन्तुलन कायम राख्न जनप्रतिनिधि, राष्ट्रसेवाक कर्मचारी, राजनीतिक दल, सञ्चारकर्मीसहितको सहभागितामा सरसफाइ अभियानमा थालेका छौँ । यसलाई निरन्तरता दिन नगरपालिकाले आर्थिक सहयोग गर्नुपर्ने हाम्रो माग छ ।' एक वर्षभित्र भलुवाही खोला सरसफाइ सकेर वृक्षरोपण गर्ने योजना रहेको बताउँदै उनले यसमा सबैको सहयोगको अपेक्षा गरे ।
भलुवाही खोलामा सबै तिरबाट आएको फोहरका कारण वातावरणलाई प्रतिकूल प्रभाव पार्नुका साथै लामखुट्टे, किरापट्याङ्ग लगायतको जोखिम बढेको क्लबका सचिव आयुष श्रेष्ठले बताए ।
'सरसफाइ थालिएसँगै स्थानीयको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने विश्वास लिएका छौँ' उनले भने । खोलाको फोहरका कारण समान्य वर्षा हुँदा पनि बाढीले राजविराज नगर क्षेत्र जलमग्न हुने गरेको स्थानीयले बताएका छन् । क्लबले राजविराजस्थित सरकारी कार्यालय अगाडिका बाटोमा फूलका बिरुवा लगाउन थालेको छ । रुपनी बसपार्क, राज रङ्गशाला हुँदै राम मन्दिरसम्मको दुई किलोमिटर बाटोमा फूल लगाउन थालिएको क्लबका सचिव श्रेष्ठले जानकारी दिए । रासस

# एमाले गुजरा नगर कमिटीको अध्यक्षमा चौधरी




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित गुजरा नगरपालिकामा नेकपा एमालेको नगर भेला सम्पन्न भएको छ । भेलाले नगर कमिटीको अध्यक्षमा जयराम चौधरी र सचिवमा रामबाबु चौधरीलाई निर्वाचित गरेको छ । नवनिर्वाचित अध्यक्ष र सचिवलाई एमाले जिल्ला अध्यक्ष सच्चिदानन्द साहले शपथ ग्रहण गराएका थिए । एमाले केन्द्रीय सदस्य अजय कुमार गुपताको प्रमुख आतिथ्थतामा सनिशार सम्पन्न कार्यक्रममा जिल्ला अध्यक्ष सचिदानन्द साह मधेश प्रदेशका स्वस्थ तथा जनसंख्या राज्य मन्त्री केशब राय चौधरी, पूर्व प्रदेश सांसद नागेन्द्र यादवलगायतको उपस्थिति रहेको थियो । नगर कमिटीको अन्य पदाधिकारी अर्को बैठकबाट चयन हुने एमाले गुजरा नगर कमिटीले जनाएको छ ।

# स्रोत नखुलेको रकमसहित एक जना पक्राउ



**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा स्रोत नखुलेको नेपाली दुई लाखबढी रुपैयाँसहित एक जना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।
सशस्त्र प्रहरीको मोबाइल गस्ती टोलीले बिहार सितामढी जिल्ला बैरगनिया ३ असोगीका ३४ बर्षीय रबिन्द्र कुमारलाई पक्राउ गरेको हो ।
सशस्त्र प्रहरी ११ नम्बर हेक्का गण गौरबाट खटिगएको मोबाइल गस्ती टोलीले बौधिमाई नगरपालिका वडा नम्बर ७ अरुवा खोला छेउ सिमावर्ती इलाकाबाट उनलाई पक्राउ गरेको जनाएको छ ।
भारत बिहार सितामढी जिल्ला बैरगनिया ३ असोगीका ३४ वर्षीय रबिन्द्रकुमारलाई दुई लाख ११ हजार ८४० रुपैयाँसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ ।
शुक्रबार साँझ भारतबाट नेपाल आउनेक्रममा रबिन्द्रकुमार चढेको विआर ३० ए एफ ६९३९ नम्बरको मोटरसाइकल चेकजाँच गर्दा उक्त रकम बरामद गरिएको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईंले बताए । बरामद रुपैयाँ र मोटरसाइकलसहित इन्द्र कुमारलाई आवश्यक कारबाहीका लागि जिल्ला भन्सार कार्यालय गौरमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

# मापदण्ड विपरीत सञ्चालित डेरी उद्योग कारबाहीमा

**जनकपुरधाम ।**
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले तोकिएको मापदण्डअनुसार दुग्धजन्य पदार्थ उत्पादन नगर्ने दुई डेरी उधोगमाथि कारबाही गर्ने भएको छ । मापदण्ड विपरीत सञ्चालित जनकपुर–१४ स्थित जानकी र छिरेश्वरनाथ नगरपालिका–५ स्थित विशाल डेरी उद्योगमाथि जिल्ला अदालत जनकपुरमा मुद्दा दायर गरी कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको हो ।
कार्यालयले अनुगमनका क्रममा दुवै उद्योगबाट उत्पादित सामग्रीको नमूना सङ्कलन गरी जाँच गर्दा कैफियत पाएपछि कारबाही गरिएको कार्यालयका सूचना अधिकारी प्रवीण तिवारीले जानकारी दिए । 'माँ जानकी डेरी उद्योगबाट उत्पादित खुवा, घ्यू तथा प्रशोधित दूधको नमूना सङ्कलन गर्दा मापदण्डअनुसार नभएको पाइएको छ । विशाल डेरी उद्योगको पूजामा प्रयोग गरिने घ्यूको जाँच गर्दा कैफियत पाइएको हो' उनले भने । बजारमा विशाल डेरीबाट उत्पादित घ्यू नष्ट गरिएको छ ।
कार्यालयले गत आवमा यहाँ ४६ वटा औद्यौगिक तथा व्यावसायिक फार्मबाट उत्पादित सामग्रीको अनुगमन, छड्के निगरानी गरी मिसावट भएका, गुणस्तरहीन तथा म्याद नाघेका वस्तु नष्ट गरेको थियो । सङ्कलित नमूनामध्ये प्रयोगशालामा जाँच गर्दा दुई डेरी उद्योग मापदण्ड विपरीत सञ्चालन भएको पाइएको कार्यालयका सूचना अधिकारी तिवारीले जानकारी दिए । कार्यालयबाट जनकपुरसहित धनुषाको विभिन्न बजार तथा चोकमा अनुगमन भएको थियो । व्यावसायिक होटल, रेष्टुरेण्ट, मासु पसल, किराना पसल, मिष्ठान भण्डार, बोर्डिङ स्कुलका क्यान्टिन, अस्पतालका क्यान्टिनको अनुगमन गरिएको थियो । अनुगमनका क्रममा ती व्यावसायिक फार्मबाट दुई लाख रुपैयाँ मूल्य बराबरको अखाद्य वस्तु नष्ट गरिएको तिवारीले बताए ।
गत आवमा मधेश प्रदेशको आठ जिल्लाबाट तीन हजार पाँच सय ८७ खाद्यपदार्थको नमूना जाँच गर्दा ७४ वटा नमूना प्रतिकूल पाइएको थियो । तीमध्ये ३१ मुद्दा दायर, १६ को बयान सकिएको र अन्यको बयान लिन बाँकी रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले जनाएको छ । रासस

# नेपाल प्रहरी श्रीमती संघद्वारा वृक्षारोपण

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरी श्रीमती संघको ४०औँ वार्षिकोत्सवको अवसरमा पर्सामा वृक्षारोपण गरिएको छ । जिल्ला प्रहरी कार्यालय पर्सा तथा मातहतका प्रहरी इकाइहरुको कार्यालय परिषरमा शनिबार वृक्षारोपण गरिएको हो । वृक्षारोपण कार्यक्रम अन्र्तगत विभिन्न प्रजातीका तीन सय १५ वटा फलफूलका विरुवा रोपिएको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार आँप, कटहर, लिच्ची र अम्वाका तीन सय १५ वटा विरुवाहरु रोपिएको हो ।
कार्यक्रममा पर्सा प्रहरीका प्रमुख कुमोध ढुंगेल, प्रहरी प्रहरी नायब उपरीक्षक दिपक भारती, सुवाष भट्ट, सिनियर प्रहरी अधिकृतहरुलगायत वीरगंज महानगरपालिकाका विभिन्न संघ सस्थांका पदाधिकारी, समाजसेवीलगायतको उपस्थिती रहेको प्रहरीले जानकारी दिएको छ । यसैबीच, पर्सा प्रहरीले आज (आइतबार) रक्तदान कार्यक्रमको आयोजना गर्ने भएको छ । नेपाल प्रहरी श्रीमती संघको ४०औँ वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रमको आयोजना गर्न लागेको हो । उक्त रक्तदान कार्यक्रम जिल्ला प्रहरी कार्यलय पर्साको प्राङगणमा सञ्चालन हुने प्रहरीले जनाएको छ । रक्तदान गर्न इच्छुक व्यक्तिहरुलाई कार्यक्रममा सहभागिता जनाउन पर्सा प्रहरीले आग्रहसमेत गरेको छ ।

# बाराका डीएफओ सिंह नगदसहित सम्मानित

**मधेशदृष्टि**
**वीरगंज ।**
डिभिज वन कार्यालय बाराका प्रमुख वन अधिकृत बिनोद कुमार सिंह सम्मानित भएका छन् । सामुदायिक वन दिवसको अवसरमा ललितपुरमा आयोजित एक कार्यक्रमका बिच सिंह राष्ट्रिय पुरस्कारबाट सम्मानित भएका हुन् । प्रकृति संरक्षण कोष खुमलटार ललितपुरमा आयोजित कार्यक्रममा वन तथा भू–संरक्षण विभागले अधिकृत सिंह र जनज्योती सामुदायिक वन उपभोक्ता समूह निजगढका अध्यक्ष खड्ग बहादुर मोक्तानलाई




शुक्रबार सम्मानित गरेको हो ।
वन अधिकृत सिंह गणेशमान सिंह राष्ट्रिय पुरस्कार २०८१ मा प्रथम स्थान हासिल गर्न सफल भएपछि उनलाई सम्मानसहित नगद पुरस्कार दिइएको आयोजकले जनाएको छ । सामुदायिक वनको प्रभावकारिता तीनै तहको सरकार र समुदायको सहभागिता भन्ने मूल नाराका साथ कार्यक्रम आयोजना गरिएको थियो । मधेश प्रदेशमा वन अधिकृत सिंह वन संरक्षणप्रती अति नै इमान्दार अधिकारीको रुपमा परिचित छन् ।

# हिन्दु परिषद नेपाल युवा समितिद्वारा रक्तदान

**मधेशदृष्टि**
**वीरगंज ।**
हिन्दु परिषद नेपाल युवा समितिले आयोजना गरेको रक्तदान कार्यक्रममा ४४ जनाले रक्तदान गरेका छन् । हिन्दु परिषद नेपाल युवा समितिले शनिबार वीरगंजको घण्टाघरमा आयोजना गरेको रक्तदान कार्यक्रममा पाँच महिलासहित ४४ जनाले रक्तदान गरेका छन् । हिन्दु परिषद् नेपाल युवा नगर कार्य समिति वीरगंजको आयोजना तथा रेडक्रस सोसाइटी पर्साको समन्वयमा उक्त रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।
हिन्दु परिषद् नेपाल युवा नगर कार्यसमिति वीरगंजका अध्यक्ष दिपक सरार्फको अध्यक्षता भएको कार्यक्रममा मधेश प्रदेश सरकारका पूर्वमन्त्री ओमप्रकाश शर्मा प्रमुख आतिथी रहेका थिए ।

# खोलामा डुबेर बालकको मृत्यु

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको चक्रघट्टा गाउँपालिका वडा नम्बर ३ सुन्दुरपुरस्थित ढाङ्ग्राखोलामा डुबेर एक नाबालकको मृत्यु भएको छ ।
स्थानीय सञ्जीव रायका तीन वर्षीय छोरा अंशु रायको खेल्ने क्रममा शनिबार घर नजिकको ढाङ्ग्राखोलामा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक बलिष्टर सिंहले जानकारी दिए । खोलामा डुबेका बालकलाई उद्धार गरी शनिबार दिउँसो १ बजे प्रादेशिक अस्पताल मलङ्गवामा पुर्याउँदा चिकित्सकले मृत घोषणा गरेका थिए । मृतक नबालकको शव परीक्षणका लागि प्रादेशिक अस्पताल मलङ्गवामा राखिएको प्रहरीले जनाएको छ ।

# भन्सार छलीको सामान बरामद

**मधेशदृष्टि**
**बारा ।**
बारा प्रहरीले भन्सार छलीका खुद्रा सामान बरामद गरेको छ । प्रहरीले एक लाख नौ हजार दुई सय रुपैयाँ मूल्य बराबरका भन्सार छलीका खुद्रा सामान बरामद गरेको हो ।
जिल्ला प्रहरी कार्यालय बाराबाट सादा पोसाकमा खटिएको टोलीले कलैया उपमहानगरपालिका वडा नम्बर ८ बरेवा एरियाबाट उक्त सामान बरामद गरेको जनाएको छ । भारतबाट राजश्व छली ल्याउदैँ गरेको अवस्थामा डिउ, स्प्राइट, कोकाकोला, स्ट्रिङग, चिनी, चना, तेल लगायतका सामान बरामद गरेको प्रहरी नायब उपरिक्षक प्रकाश सापकोटाले जानकारी दिए ।

# सर्लाहीमा एक युवक मृत फेला

**मधेशदृष्टि**
**मलङ्गवा ।**
सर्लाहीको बरहथवा नगरपालिका वडा नम्बर ८ टाँडीमा शनिबार एक युवक मृत फेला परेका छन् ।
टाँडी निवासी श्यामबाबु साहका छोरा १९ वर्षीय मुन्ना साह मृतावस्थामा फेला परेको सर्लाही प्रहरीले जनाएको छ । गाउँ नजिकै शैलेन्द्र रामको परालको भुस्सा राख्ने घरमा युवक मृत फेला परेको इलाका प्रहरी कार्यालय बरहथवाका प्रमुख एवं प्रहरी नायब उपरीक्षक गौतम थापाले जानकारी दिए । मृतक मुन्नाको घाँटीमा चोट देखिएकाले घटना शङ्कास्पद रहेको उनले बताए ।
मृतकको शव परीक्षणका लागि त्रिवि शिक्षण अस्पताल महाराजगंज काठमाडौं पठाएको छ ।
घटनाका विषयमा अनुसन्धानका लागि एक युवतीलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक बलिष्टर सिंहले जानकारी दिए ।

# ईश्वरपुर नगरपालिकामा राष्ट्रिय खाद्य बैंक स्थापना हुने

**एसपी गौरब**
**सर्लाही ।**
सर्लाहीको ईश्वरपुर नगरपालिकामा राष्ट्रिय खाद्य बैंक स्थापना गर्न सम्झौता गरिएको छ । राष्ट्रिय खाद्य बैंक लिमिटेडका कार्यकारी अध्यक्ष शंकर नाथ उप्रेती र ईश्वरपुर नगरपालिकाका नगर प्रमुख मनोज कुमार आचार्यबीच इश्वरपुरमा राष्ट्रिय खाद्य बैंक स्थापना गर्न लिखित सम्झौता भएको हो । राष्ट्रिय खाद्य बैंक लिमिटेडले मधेश प्रदेशको कार्यक्षेत्रलाई सहजता बनाउनका लागि ईश्वरपुरमा क्षेत्रीय कार्यालय स्थापना गरी विविध कृषि परियोजनाहरु सञ्चालन गर्दै उत्पादन, संकलन, ग्रेडिङ, प्याकेजिङ तथा ब्राण्डिङ र बजारीकरणको कार्य विस्तार गर्न सम्झौता गरिएको ईश्वरपुर नगरपालिकाका नगर प्रमुख आचार्यले जानकारी दिए । उनका अनुसार कृषी उपज उत्पादनको केन्द्र बिन्दु रहेको ईश्वरपुरमा राष्ट्रिय खाद्य बैंक स्थापना गर्न सम्झौता गरिएपछि सो क्षेत्रका किसानहरु खुसी भएका छन् । जैविक विविधताको संरक्षण, जमिनभित्रको पानीको संरक्षण र भरण लगायतका कार्यहरुको सम्बन्धित वस्तुको इकोसिष्टममा नगरपालिकाबाट पूर्ण अगुवाईमा संरक्षण र समन्वयमा प्रयोग गर्ने गराउने र आवश्यकता परेमा डि.पि.आर.समेत बनाउदै कार्यक्रम संचालन गर्ने, आम कृषक, कृषि सहकारी तथा उद्यमशील महिला तथा पुरुषहरु कृषि उत्पादनमा जोडिन त्रिपक्षीय पहलमा प्रभावकारी कार्यक्रमहरु सञ्चालनमा ल्याउने र सम्झौता अवधि भने दुवै पक्षबीच छलफल गरेर मात्र कायम गरिने ईश्वरपुर नगरपालिका र राष्ट्रिय खाद्य बैंक बिच भएको सम्झौतामा उल्लेख गरिएको छ । त्यसैगरी कृषक, उद्योगी तथा व्यापारीहरुलाई राष्ट्रिय खाद्य बैंकमा एकाकार तथा संस्थागत गर्नका लागि सहजीकरण गर्ने नगरपालिका र राष्ट्रिय खाद्य बैंक मिलेर काम गर्ने र कार्य योजना तयार गर्ने र संचालनमा ल्याउने, उत्पादित कृषि उपजहरु ढवबानीका लागि विद्युतिय सवारी साधनको खरिदका लागि दुवै पक्षको आपसी सहमति सहकार्यमा व्यवस्थापन गर्ने,नगरपालिका र राष्ट्रिय खाद्य बैंक तथा उत्पादक समूहहरु बीच त्रिपक्षीय समन्वयमा उत्पादित कृषि वस्तुहरुको मूल्य निर्धारण गर्ने, तालिम, गोष्ठी, सेमिनार, छलफलका लागि पूर्ण व्यवस्थापनमा सहयोग पुर्याउने सम्झौतामा उल्लेख गरिएको नगर उप प्रमुख रन्जिता देवी चौधरीले जानकारी दिईन् । उनका अनुसार सहुलियत ऋण र किसान कार्ड कार्यक्रम कार्यक्रम अन्तर्गत कृषि विकास बैंकवाट जारी गरिएको तथा वि.पे.को समन्वयमा राष्ट्रिय खाद्य बैंक लि.मार्फत व्यवसायिक कृषकलाई विना धितो सहूलियत दुई लाखदेखि पाँच लाखसम्मको किसान क्रेडिड कार्ड व्याजमा ऋण उपलब्ध गराउने भएकाले सो कार्ड प्राप्तिका लागि व्यवसायी कृषकलाई नगरपालिकाले सिफारिस गर्ने र राष्ट्रिय खाद्य बैंक लि.मा र नाम पहिचान सहितको फारम उपलब्ध गराउने, २० प्रतिशत नगद रकम लिन पाइने र बाँकी रकम कार्डको माध्यमबाट बस्तु र सेवा लिन सकिने सम्झौतामा उल्लेख गरिएको छ । माइक्रो कोल्ड स्टोर परियोजना अन्तर्गत माइक्रो कोल्ड स्टोरको सम्पूर्ण निमार्ण राष्ट्रिय खाद्य बैंक लि.बाट गरिने स्टोरको लगानी र सञ्चालन नगरपालिका र बैंकले आवश्यक पर्ने कामहरु गर्ने योजना बनाएर दुवैपक्षको सहमतिमा कार्यान्वयन गर्ने सम्झौतामा उल्लेख गरिएको छ ।

# खुशी वीरेन्द्र यात्रा कथा पुस्तक कभर सार्वजनिक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
युवा लेखक सुजितकुमार झाको १७औँ पुस्तक खुशी वीरेन्द्र यात्रा पुस्तक कभर सार्वजनिक कार्यक्रम शनिबार मोडल मल्टिपल कलेजको सभाकक्ष मा वीरेन्द्र साहको अध्यक्षतामा सम्पन्न भएको थियो । प्रमुख अतिथि राम मंदिर का महंत राम गिरि थियो । जनकपुरधाममा युवा लेखकहरूले विभिन्न विषयमा पुस्तक प्रकाशन गर्दै आएको वक्ताले बताए । कार्यक्रममा विधायक रामशिष यादव, प्रा. डा सुरेन्द्र लाभ, मैथिली विकास कोषका अध्यक्ष जीवनाथ चौधरी, साहित्यकार रोशन जनकपुरी, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका अध्यक्ष राजेश कर्ण, मिडिया काउन्सिल मधेश प्रदेशका कार्यकारी अध्यक्ष कैलाश दास, समाजसेवी प्रमोद कुमार चौधरी, पर्यावरण अभियन्ता सुरेश शर्मा , प्रदीप लाल, जयन्त ठाकुर लगायतले आफ्नो धारणा राखेका थिए ।

# हिन्दूमाथिको अत्याचारविरुद्ध जनकपुरमा पनि र्‍याली




**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
बंगलादेशमा हिन्दू मन्दिर र घर जलाएको विरोधमा विश्व हिन्दू परिषद नेपाल धनुषाका अध्यक्ष सन्तोष साहको नेतृत्वमा जनकपुरधामको जनकचौकबाट विरोध र्‍याली निकालिएको छ । विरोध र्‍यालीमा सयौं विहिप, नेपाल हिन्दू स्वयंसेवक र आम नागरिकको सहभागिता रहेको थियो । रैलीमा बंगलादेश मुर्दाबादको नारा लगाएका थिए । जुलुस जनक चौकमा कोण सभामा परिणत भएको थियो । वक्ताहरुले हिन्दुहरुमाथि हुने अत्याचार नरोकेसम्म नेपाल सरकारको हस्तक्षेप र बंगलादेशसँगको कूटनीतिक सम्बन्ध तोड्न माग गरेका छन् ।




# अब तेस्रो जनआन्दोलनमा सहभागी बनौँः साह




**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा)का अध्यक्ष प्रभु साह तेस्रो जनआन्दोलनको आन्तरिक तयारीमा जुटेका छन् । दलाल दलतन्त्र विरुद्ध तेस्रो जनआन्दोलनको घोषणा गरेका साहले शनिबार विभिन्न चार कार्यक्रममा सहभागि हुँदै आम जनताको शासनका लागि जुटन निर्देशन दिए । 'जनताले लडेर ल्याएको लोकतन्त्र दलतन्त्रले सिध्यायो । आज त्यही दलतन्त्र दुई दलले मिलेर सिध्याउन लागेका छन् । यसको विरुद्धमा हामी एकजुट हुन जरुरी छ ' आजपा अध्यक्ष साहले भने, 'दलाल दलतन्त्र विरुद्ध तेस्रो जनआन्दोलनलाई निर्णायक बनाउँन साहले योजनाबद्ध तरिकाले अगाडी बढिरहेका छन् । विद्यार्थी, श्रमजिवि मजदुर एवं धर्मलाई आफ्नो हतियारको रुपमा प्रयोग गर्न खोजेका साहले यि क्षेत्रको परिचालनमा जुटेका छन् । उनी लगातार युवा विद्यार्थी, मजदुर, धार्मिक कार्यक्रममा सहभागि भईरहेका छन् ।'
युवाहरुको बलियो संगठन आईटी आर्मी गठन गरेर अर्धसैन्य अभ्यास गर्दै अगाडी बढेका साहले गत २४ चैत २०८० मा काठमाडौँमा एक बृहत सभा गरेका थिए । २४ चैतमा आम जनताको शासन व्यवस्थाका लागि दलाल दलतन्त्र विरुद्ध 'तेस्रो जनआन्दोलन'को उदघोष गरेका साहले त्यस यता बैठक, सभा, भेला लगायतका बिभिन्न कार्यक्रम मार्फत दलाल दलतन्त्रले मुलुक समृद्ध हुन नसक्ने बताउँदै आएका छन् । शनिबार बिहान ८ बजे आजपाको कोटेश्वर स्थित पार्टी केन्द्रीय कार्यालयमा कवाड व्यवसायीसँग साहले बैठक गरे । सर्वोच्य अदालतको आदेश विपरित काठमाडौँ महानगरपालिकाले कबाड व्यवसायीलाई दुख दिन थालेपछि उनीहरुलाई साहले साथ दिएका थिए । साहकै सहयोगमा काठमाडौँमा कवाड व्यवसायीले पटक पटक पदर्शन गर्दै आएका छन् । यस्तै आजपा अध्यक्ष साहले शनिबार नै १२ बजे बोलबम कवरिया संघको कालिमाटी स्थित कार्यक्रममा समेत सहभागि भए । भोलेनाथ बोलबम कवरिया संघको कार्यक्रममा सहभागि भएका साहले आयोजित मोटरसाईकल र्‍यालीको रिबन काटेर उदघाटन मात्रै गरेनन् । धर्म, संस्कृतिको जर्गेनाका लागि संघर्षमा उत्रिन आह्वन समेत गरे । बिभिन्न समूह एवं अतिवादी समूहहरुबाट हिन्दू धर्ममाथि भईरहेको आक्रमण, विरोधलाई प्रतिकार गर्दै आफ्नो धर्म, संस्कृतीलाई जोगाउँनुपर्ने उनले बताए । कवरिया संघको कार्यक्रम सकेर साह आजै जोरपाटी स्थित छिमेकी पार्टी प्यालेसमा आयोजित आजपा निकटको आम ट्रेड युनियन फेडरेसनको काठमाडौँ उपत्यका विशेष भेला कार्यक्रममा सहभागि भए । १ बजे जोरपाटी पुगेका साहले त्यहाँ मजदुरको हकहितका लागि सडक संघर्षमा उत्रिन मजदुरलाई आह्वान गरे । नेपालको उधोग व्यवसाय धरासायी बन्दै गईरहेको र सरकारमा सहभागिहरु भ्रष्टाचारमा डुबेकाले अब मजदुरहरुले ढिला नगरी आन्दोलनमा उत्रिनुपर्ने उनले बताए । अहिले नेपाली कांग्रेस र नेकपा (एमाले)को दुई दलीय सिण्डीकेटले लोकतन्त्र मात्रै नभई दलतन्त्र पनि खतरामा परेको टिप्पणी साहले गरे । एमाले र कांग्रेसको दुई दलीय सिण्डीकेट तोड्न अब विद्यार्थी, मजदुर, व्यवसायी सहितकाले सामुहिक रुपमा सडक संघर्षमा उत्रिनमा ढिलाई गर्न नहुने बताए । आजपा अध्यक्ष साहले जनताको शासन स्थापित गर्न र लोकतन्त्र जोगाउँनका लागि सडक संघर्षको बिकल्प नभएको बताए ।

# आम विद्यार्थी मोर्चाको गौर नगर कमिटी गठन

प्रभु साह नेतृत्वको आमजनता पार्टी निकट आम विधार्थी मोर्चाको गौर नगरपलिकाको एक वडामा भेला सम्पन्न भएको छ । विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी कायम गर्न संघर्ष गर्ने निर्णय सहित भेला सम्पन्न भएको हो । विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दीको व्यवस्था गर्न ' नो टिचर नो टिचिङ' को नारा सहित शैक्षिक आन्दोलनको संघर्षको लागि शनिबार गौर नगरपालिका ६ सबगढामा आम विद्यार्थी मोर्चाको वडा भेला मार्फत विद्यार्थी नेता अजय साहको अध्यक्षतामा ४० सदस्य नगर कमिटी गठन गरिएको छ । आजपा महासचिव त्रिभुवन साहको प्रमुख अतिथ्यमा सम्पन्न भेलामा आइटी आर्मीका महासचिव नरेश साह, आम विद्यार्थी मोर्चाको केन्द्रिय अध्यक्ष बिवेक साह, युवा नेता रबिन्द्र यादव, गौर आजपा अध्यक्ष रमसेवक साहको विशेष उपस्थिति रहेको थियो ।

# बंगलादेशमा हिन्दू तथा बौद्धमाथि भएको हिंसाविरुद्ध काठमाडौँमा प्रदर्शन

**मधेशदृष्टि**
**वीरगंज ।**
बंगलादेशमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूमाथि जारी हिंसा विरुद्ध काठमाडौँको माइतीघर मण्डलामा व्यापक विरोध प्रदर्शन भएको छ । राष्ट्रिय एकता अभियानको आयोजनामा सम्पन्न प्रदर्शनमा विभिन्न धार्मिक तथा सामाजिक संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । कार्यक्रमको समन्वय अभियानका अध्यक्ष विनय यादवले गरेका थिए । प्रमुख वक्ताका रूपमा अभियानका वरिष्ठ नेता बीपी यादवले बंगलादेशमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूमाथि भइरहेको हिंसालाई अन्तर्राष्ट्रिय मञ्चमा उठाउनुपर्ने आवश्यकता औंल्याए । उनले भने, 'धार्मिक असहिष्णुताको यो घटना मानवीय हकका लागि घातक हो । यसमा हाम्रो सरकारले पनि चुप लागेर बस्नु हुँदैन ।' विश्व हिन्दू महासंघका महासचिव रामचन्द्र तिवारीले पनि बंगलादेशमा भइरहेको हिंसाको कडा निन्दा गर्दै नेपालका हिन्दूहरूले एकजुट भएर अन्तर्राष्ट्रिय दवाव सृजना गर्नुपर्नेमा जोड दिए । उनले भने, 'यो समय सबै हिन्दूहरू एक ठाउँमा उभिनुपर्ने बेला हो । हाम्रो धार्मिक सहिष्णुता र




अस्तित्वमाथि खतरा मडारिरहेको छ ।' धार्मिक नेता केशव चौलागाईंले यस किसिमको हिंसा रोक्नका लागि अन्तर्राष्ट्रिय समुदायलाई सम्बोधन गर्ने प्रयास गर्नुपर्ने बताए । 'धर्मका नाममा भइरहेको यो हिंसालाई रोक्न हामी सबैले प्रयास गर्नुपर्छ । यो मानवता विरुद्धको अपराध हो', उनले भने । मानव धर्मसेवा समितिका इन्चार्ज सागर कटुवालले पनि कार्यक्रममा सम्बोधन गर्दै धार्मिक हिंसा विरुद्धको एकता र संकल्पलाई प्रगाढ बनाउनुपर्ने बताए । यस विरोध कार्यक्रममा इस्कानका प्रतिनिधिहरू पनि सहभागी भएका थिए । उनीहरूले बंगलादेशमा भइरहेको धार्मिक हिंसालाई रोक्न अन्तर्राष्ट्रिय समुदायले कदम चाल्नुपर्नेमा जोड दिएका थिए । कार्यक्रमका सहभागीहरूले बंगलादेशमा हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूमाथि भइरहेको निरन्तर हिंसा र अत्याचारको कडा निन्दा गर्दै त्यसको तत्काल अन्त्यको माग गरे । विरोध प्रदर्शनमा उपस्थित सबै वक्ताहरूले बंगलादेशमा जारी धार्मिक हिंसाको विरोधमा आवाज उठाउन आग्रह गरे र नेपालमा पनि हिन्दू धर्म र संस्कृति बचाउन सबैलाई एकजुट हुन आह्वान गरे । कार्यक्रममा सहभागीहरूले धार्मिक सहिष्णुताको महत्वलाई पुनः बलियो बनाउँदै आ–आफ्नो तर्फबाट योगदान दिने प्रतिज्ञा गरे ।

# अल्पसंख्यकमाथिको हिंसाको भर्त्सना

*नेता राजेन्द्र महतो संयोजकत्वको राष्ट्रिय मुक्ति क्रान्तिले बंगलादेशमा आन्दोलन र संघर्षको नाममा अल्पसंख्यक हिन्दू र बौद्धहरु माथि भइरहेको ज्यादति र बर्बर दमनको भर्त्सना गरेको छ । 'मानवतालाई नै लज्जित गर्ने यस खालको दुव्र्यवहारले पुरै विश्वका मानव समाजलाई प्रभावित गरिरहेको र त्यस्को विरुद्धमा विश्वभरी नै प्रतिकार हुन सक्ने संभावना रहेकोले तत्काल यस्ता घटनाहरु नियन्त्रण गर्न समेत बंगलादेशी सरकारलाई आग्रह गर्दछौं ।'*
*संयोजक महतोद्वारा जारी विज्ञप्तीमा उल्लेख गरिएको छ । विज्ञप्ती मार्फत बंगलादेशमा सडक संघर्षबाट नव नियुक्त अन्तरिम सरकारका प्रधानमन्त्री मोहम्मद युनुसलाई हार्दिक बधाई सहित सुखद कार्यकालको कामना गर्दै छिटोभन्दा छिटो संक्रमनकाल अन्त्य गरि निर्वाचनको मिति घोषणा गरि लोकतन्त्रको बहाल गर्न भनिएको छ ।*

# शिव पुराण महायज्ञमा ८० लाख भन्दा बढी संकलित

**मधेशदृष्टि**
**महोत्तरी ।**
सडक मानव आश्रम (हाम्रो मायाको घर) निर्माणका लागि बर्दिबासमा जारी शिव पुराण महायज्ञमा दानबाट ८० लाख बढी सङ्कलन भएको छ । महायज्ञका परिकल्पनाकार एवम् भागवत मञ्जरी राधिका दासीको पुराण कथा श्रवण गर्न आएका भक्तजनले गरेको दान रकम उत्साहाजनकरुपमा वृद्धि भइरहेको बताइएको छ । पुराण सुरु भएको शनिवारसम्म दान दातव्यबाट ८० लाख ५३ हजार ८सय रुपियाँभन्दा बढी सङ्कलन भएको शिव पुराण महायज्ञ मूल समितिले जनाएको छ । बर्दिवासमा पत्रकार सम्मेलन गरेर दानपेटिको विषयमा समितिले जानकारी दिएको छ । यस अवधिमा सबैभन्दा बढी बर्दिबास नगरप्रमुख प्रह्लाद क्षेत्री तथा धर्मपत्नी मञ्जु क्षेत्रीले आश्रममा २ कोठा निर्माणका लागि १५ लाख रुपियाँ दान गरेका छन् । बर्दिबासकै समाजसेवी राजेश थापा र सुमित्रा भट्टराई दम्पतीले १ कोठा बराबरको ७ लाख ५१ हजार दान गरेका छन् । पुराण वाचिका राधिका दासीको प्रेरणाले 'हाम्रो मायाको घर' का लागि १५ जना दाताहरूले बर्दिबास वडा २ मा करिब डेढ करोड मूल्य बराबरको साढे ५ कठ्ठा जग्गा दान दिएपछि यसको निर्माण प्रक्रिया सुरु भएको छ । सोही जग्गामा दुई तले भवनको डिपिआर पनि तयार छ । दुवै भवन निर्माणका लागि आवश्यक ११ करोड रुपियाँको स्रोत जुटाउन पहिलो अभियानको थालनी महायज्ञबाट गरिएको हो । साउन २९ गतेसम्म आयोजना हुने महायज्ञको दान दातव्यबाट डेढ करोड रुपियाँसम्म जुट्ने महायज्ञ मूल समितिका अध्यक्ष हिरा गौतमले विश्वास व्यक्त गरे ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन